विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-१६ ● २०७९ कात्तिक १४ गते सोमबार, ● 31 Oct. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# चित्लाङ-मार्खुमा पर्यटकको ओइरो

विकास संवाददाता
थाहानगर




चित्लाङ उपत्यका पछिल्लो समय विकेन्ड मनाउन युवाहरूको मुख्य रोजाइमा पर्न थालेको छ । जसकारण शुक्रबार र शनिबार चित्लाङमा आन्तरिक पर्यटकको घुइँचो लाग्न थालेको हो । काठमाडौं उपत्यकाबाट निकै नजिक (कलंकीबाट १९ किलोमिटर) भएका कारण पनि चित्लाङ विकेन्ड मनाउन चाहनेहरूको पहिलो रोजाइमा पर्न थालेको हो। ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको रमणीय चित्लाङ उपत्यकाले जोसुकैलाई मोहनी लगाउँछ ।

सामान्यतय हरेक शुक्रबार चित्लाङका प्राय सबै रिसोर्ट र होमस्टेहरू आन्तरिक पर्यटकले भरिभराउ हुने गर्दछन् । तर, तिहारपछि रहेको दुई दिने थप विदामा घुम्नेहरूको संख्या बढेपछि भने चित्लाङमा थामिनसक्नु भिड भएको थियो । चित्लाङ रिसोर्ट प्रालिका सञ्चालक शैलेश नेपालका अनुसार ११ कात्तिक (शुक्रबार) दुई हजार भन्दा बढी पर्यटक ठाउँ नभएर फर्किएका छन्।

'चित्लाङ प्राय हरेक शुक्रबार फुल नै हुन्थ्यो, तर यसपाली भने कहिल्यै नदेखेको भिड भयो। सम्भव भएसम्म त हामीले धेरैलाई होमस्टे तथा आवासीय घरहरूमा पनि बस्ने व्यवस्था मिलायौं,' नेपालले भने, 'तर जति प्रयास गर्दा पनि दुई हजारभन्दा बढिलाई बस्ने ठाउँको अभावमा फर्काउन बाध्य भयौं ।' शुक्रबार चित्लाङमात्र होइन मार्खु र कुलेखानीका पनि सबै रिसोर्ट र होमस्टेहरू भरिएका थिए । चित्लाङमा बस्ने ठाउँको अभाव भएर मार्खु र कुलेखानी पुगेका आन्तरिक पर्यटकरू पनि निराश भएर फर्किन वाध्य भएका थिए ।

मार्खु, चित्लाङ र कुलेखानी काठमाडौंबाट नजिकै रहेका चर्चित विकेन्ड डेस्टिनेसनहरू हुन् । विकेन्डमा सधैं भरिभराउ हुने यी पर्यटकीय गन्तव्यहरूमा हाइकिङ, बोटिङ, क्वाडबाइक राइडलगायतका विभिन्न क्रियाकलाप गर्न पाइन्छ। चित्लाङमा तिहार लगतै ११ कात्तिक (शुक्रबार) लगभग ९०० जना गेस्टहरू हुनुहुन्थ्यो । हाम्रो रिसोर्टमा बस्ने ठाउँ नभएपनि हामीले होमस्टे तथा स्थानीयको घरमा बस्ने व्यवस्था मिलाएर खानपिनको प्रबन्ध रिसोर्टमै गरेका थियौं । त्यति गर्दा पनि सबैलाई अँटाउन सकेनौं'-चित्लाङ रिसोर्टका संचालक शैलेश नेपालले भने ।

कुलेखानी हिल लजका संचालक अमिर लामाको अनुभव पनि उस्तै थियो । 'मार्खु, कुलेखानी, चित्लाङ शुक्रबार भिड नै हुने ठाउँ हुन् । तर यति धेरै भिड कहिले देखेको थिइनँ । रिसोर्ट र होमस्टे सबैतिर गरेर यहाँ ६०० भन्दा बढी गेस्टहरू हुनुहुन्थ्यो, चाहेर पनि हामीले सबैलाई अँटाउन सकेनौं,' लामाले भने । पछिल्लो समय काठमाडौं उपत्यका आसपासका गन्तव्यहरूमा विकेन्ड मनाउने युवायुवतीहरूको संख्या बढिरहेको छ । कोभिड संक्रमणले लामो समय थलिएको पर्यटन व्यवसायका लागि यो सकारात्मक संकेत हो। यसले पर्यटन व्यवसायीहरूमा उत्साह पनि थपेको छ ।

यही उत्साहमा मार्खु र चित्लाङका पर्यटन व्यावसायिहरू आफ्नो ठाउँमा नयाँ एडभेन्चर स्पोर्ट्स थप्ने योजना समेत बनाइरहेका छन् । हाल त्यहाँ क्वाडबाइक राइड, बोटिङ, हाइकिङ र साइक्लिङलगायतका सुविधा उपलब्ध छन् ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

सबैले पालना गर्नुपर्ने आचारसंहिता

- निर्वाचनको विश्वसनियतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर गर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने
- कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९
४ मंसिर

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# आमभन्ज्याङलाई विनयबाबु स्मृति जिल्लास्तरीय भलिबलको उपाधि



◆ विकास संवाददाता

विनयबाबु स्मृति जिल्लास्तरीय भलिबल रनिङ शिल्ड प्रतियोगिताको उपाधी आमभन्ज्याङ युवा क्लव मकवानपुर गढीले हात पारेको छ । मकवानपुर थाहा नगरपालिकामा जारी पाँचौं संस्करणको विनयबाबु स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगितामा आयोजक विनयबाबु स्मृति प्रतिष्ठानलाई पराजित गर्दै आमभनज्याङले उपाधि चुमेको हो । आमभन्ज्याङले अघिल्लो वर्षपनि उपाधि उचालेको थियो । यो साविक विजेता टिम हो ।

थाहानगरको फाँटबजारमा ८ भएको अन्तिम स्पर्धामा प्रथम भएसंगै विजेता आमभन्ज्याङले नगद ५१ हजार ५१ रूपैया नगदका साथै शिल्ड, मेडल तथा प्रमाणपत्र हात पारेको छ । प्रतियोगितामा दोस्रो भएको आयोजक विनयबाबु प्रतिष्ठानले २६ हजार २६ रूपैयाँ नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा डिवाइसि थाहा-५ रूप्से तथा आग्रा स्पोर्ट्सले सान्त्वना पुरस्कार हात पाएकाछन् ।

प्रतियोगितामा आग्रा स्पोर्ट्सका पुजन गुरूङ उदयिमान खेलाडी घोषित हुँदा उत्कृष्ट ब्लकर विनयबाबु स्मृतिका राजाराम स्याङ्तान, उत्कृष्ट डिफेन्डर आमभन्ज्याङका बुद्धिकृष्ण दंगाल, उत्कृष्ट सेटर आमभन्ज्याङका अजय माझी घोषित भए भने उत्कृष्ट स्पाइकर विनयबाबुको सबिन कार्की हुदाघोषित भए । प्रतियोगिताको उत्कृष्ट खेलाडी आमभन्ज्याङका आशिष घलान भ एभने उत्कृष्ट कोचको उपाधि आमभन्ज्याङका वीर बहादुर लामा घोषित भए ।

बिजयी तथा उत्कृष्ट खेलाडीहरूलाई प्रमुख अतिथी थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले पुरस्कार प्रदान गरे । कार्यक्रममा नेकपा एमाले थाहानगर अध्यक्ष अच्युतम प्रसाद ढकाल, वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली, २ का बम बहादुर सिन्तान, ३ का हिरेन्द्र रायमाझी, ४ का नारायण लामा, ५ का विष्णु बहादुर गुरूङलगातकाको आतिथ्यता रहेको थियो ।

प्रतियोगिता संचालन गर्न आर्थिक सहयोग गर्ने दाताहरूलाई समेत कदर पत्रद्वारा सम्मान गरिएको प्रतियोगिताको थियो । कार्यक्रम विनयबाबु स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको सभाध्यक्षतामा भएको थियो ।

# वरिष्ठ पत्रकार पाण्डेको निधन

◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ मकवानपुर का पूर्व अध्यक्ष तथा वरिष्ठ पत्रकार, शिक्षासेवी कौशल पाण्डेको निधन भएको छ । हेटौंडा उपमहानगरपालिका-४ कमलडाँडास्थित निवासमा १० कात्तिक अपराह्न उनको निधन भएको हो ।

७५ वर्षका पाण्डेको लिभर सिरोसिको कारण केही महिनाअघि शल्यक्रिया गरि एको थियो । परिवारका सदस्यका अनुसार तर, पछिल्लो केही सातादेखि स्वास्थ्यअवस्था जटिल बनेको थियो । उनी श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका अध्यक्ष समेत हुन् । उनको ११ कात्तिक बिहान ८ बजे अन्त्येष्टि गरिने पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले जानकारी दिए ।



जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## मतदाता शिक्षाको आवश्यकता

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा ठूलो संख्यामा मत बदर भयो । एकातिर मतदातामा रहेको अशिक्षा र अचेतना अनि अर्कोतिर गठबन्धनका कारण मतपत्रमा रहेको अन्यौलका कारण ठूलो संख्यामा मत बदर हुन पुग्यो । कतिपय पालिकामा बदर मत नै निर्णायक हुँदा संभावित परिणाम नै उल्टो बन्न पुगेको दलहरुको दाबी गरेका छन् । चार पाँच हजार मतान्तर विजय र पराजय भएको ठाउँमा दश एघार हजारको संख्यामा मत बदर भएका घटना पनि स्थानीय तह निर्वाचनमा देखिए । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा त्योस्तरको मत बदर हुने सम्भावना न्यून छ किनकि यसपटक चुनावमा भाग लिएका उम्मेदवारको मात्र चुनाव चिन्ह रहन्छ । तर पनि धेरै मतपत्रमा मत हाल्नुपर्ने अवस्थाका कारण यसपटक पनि बदर मतको संख्या उल्लेख्य हुने नै देखिन्छ । त्यसलाई न्यून गर्न ब्यापक मात्रामा मतदाता शिक्षा दिनु आवश्यक छ । निर्वाचन आयोग र स्वयं दल तथा उम्मेदवारहरुले पनि मतदाताको घर–घरमा पुगेर मतदाता शिक्षा दिनु आवश्यक देखिन्छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित, मितव्ययी र भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचनका विषयमा आममतदातालाई सुसूचित गर्न भनेर निर्वाचन आयोगले नीतिगतरुपमा नै मतदाता शिक्षाको व्यवस्था गर्ने गरेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले निर्देशिका नै बनाएर मतदाता शिक्षा दिने गरेको छ । केन्द्रमा निर्वाचन आयुक्तको संयोजकत्वमा, जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकतत्वमा, स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा र वडामा वडा सचिवको संयोजकत्वमा छुट्टाछुट्टै समिति बनाएर मतदाता शिक्षा प्रभावकारी बनाउने प्रावधान रहेको छ । यसको निष्पक्षतालाई ध्यानमा राखेर जनप्रतिनिधिलाई भने मतदाता शिक्षाबाट टाढै राख्ने निर्देशिकाको मर्म छ । प्रत्येक जिल्ला, पालिका तथा वडामा सरोकारवाला निकायहरूसँग समन्वय, साझेदारी र अन्तरसम्बन्ध कायम गरी मतदाता शिक्षा कार्यक्रमअन्तर्गत घरदैलो कार्यक्रम, सूचना कक्ष सञ्चालन तथा घुम्ती मतदाता शिक्षा कार्यक्रम गर्ने सरकारी प्रावधान छ । स्थानीय तह, जिल्लास्थित सरकारी कार्यालय, गैरसरकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय गरेर जिल्लामा प्रचलित भाषा, संस्कृति, परम्परा तथा स्थानीय समुदाय, निर्वाचन विज्ञ तथा स्रोतव्यक्ति र संघसंस्थाको सूची तयार गरी उनीहरुको सहयोगमा मतदाता शिक्षा प्रभावकारी बनाउने कानुनी व्यवस्था छ । सामुदायिक/संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको बैठक आयोजना गरी मतदाता शिक्षाबारे जानकारी दिने र सम्बन्धित विद्यालयको कक्षामा मतदाता शिक्षाबारे जानकारी दिने पनि व्यवस्था छ । बदर मतको संख्या घटाउन मतदाता शिक्षा निर्देशिकाकै व्यवस्था गरेर निर्वाचन आयोगले कार्यक्रम अघि बढाउने भए पनि मतदातास्तरमा पुग्दा मतदाता शिक्षा प्रभावकारी बन्न सकिरहेको हुँदैन । पहिलो कुरा त मतदातालाई कसरी मतदान गर्ने भन्ने मात्र होइन, किन मतदान गर्ने भन्ने पनि जानकारी गराउनु आवश्यक हुन्छ ।

धेरै मानिसले अझै पनि आफ्नो राजनीतिक अधिकार बुझ्न सकिरहेका छैनन् । सबैले राजनीति गर्नुपर्छ भन्ने छैन तर सबैले राजनीति बुझ्नुपर्छ । राजनीति भनेको राज्यको नीति हो । राज्यको नीति कसरी बन्छ, कस्तो बनाउनुपर्छ, कसरी कार्यान्वयन गर्नुपर्छ, त्यसबाट बहुसंख्यक जनताको हितका लागि कसरी काम गर्न सकिन्छ भन्नेमा हरेक नागरिकको चासो हुनुपर्छ । त्यही नै राजनीतिक चेतना हो । एकपटक निर्वाचित भएर गएपछि जनताको भावनाको सम्मान गर्न सकेन भने अर्कोपटक उसलाई हराइदिने र नयाँ सक्षम प्रतिनिधि पठाउनसक्ने ल्याकत सार्वभौम मतदातामा मात्रै हुन्छ । त्यसैले कसैलाई सत्तामा पठाउन र कसैको निजी स्वार्थ पूरा गरिदिनका लागि होइन, आफ्नो सेवा गर्ने जनप्रतिनिधि चयन गर्न मैले आफ्नो मतको सदुपयोग गर्छु भन्ने भावना जागृत गराइदिनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# खाद्यान्न उत्पादन सबलीकरणमा स्थानीय सरकारको भूमिका



डा. माधव अधिकारी

आज विश्वमा जलवायु परिवर्तन मुख्य समस्याको रूपमा आइरहेको छ, जसले गर्दा प्राकृतिक प्रकोप बढ्न गई मानव जातिमा प्रतिकूल असरसमेत परि रहेको छ । विश्वमा विकसित देशको विकासका नाममा तीव्र विनाशले हाम्रो जस्ता साना मुलुकसमेत यसको चपेटामा परिरहेका छन् । विश्वमा बढ्दो घना बस्ती तथा कलकारखानाबाट उत्पादित हरितगृह ग्याँस उत्सर्जनले गर्दा ओजोन तहमा प्वाल पर्न गई सूर्यका हानिकारक विकिरण पृथ्वीको सतहमा प्रवेश गरी तापक्रम वृद्धि भएको छ, जसका कारण हिमश्रृंखला पग्लने, पानीको मुहान सुक्दै जाने, अल्पवृष्टि, अनावृष्टि, खडेरी, जमिनको मरूभूमीकरण, बाढीपहिरो, २ हजार मिटरको उचाइसम्म लामखुट्टे देखा पर्ने, वन्यजन्तु लोप हुने, महामारी, रोग फैलने, विनाशकारी एवम् बेमौसमी आँधी र बाढी आउने, नदीनालाको सतह घटबढ हुँदै जाने आदि वातावरण विनाशबाट उत्पन्न परिणाम हुन्, साथै सोबाट विभिन्न महामारी, खाद्यसंकट बढिरहेको अवस्था छ ।

वातावरण संरक्षण हावा, पानी, माटो आदि जैविक वस्तुहरूको अस्तित्वका लागि अति आवश्यक हुन्छ । यी जैविक वस्तुहरूमा भएको वातावरण विनाशको मात्राले पनि बृहत् रूपमा प्रभाव पार्छ । जीवजन्तु, वनस्पति र स्वयं मानिस पनि वातावरण विनाशबाट अलग रहन सक्दैन । मानवको अस्तित्व उसको वरि परिको वातावरण तथा पर्यावरण एवं परिस्थितिमा निर्भर गर्छ । मानिसको अस्तित्वका लागि वनजंगल, जल आदिमा पाइने प्राणी तथा वनस्पति आवश्यक हुन्छन् । वनजंगल, जल, कृषि भूमि आदिको अस्तित्व संकटमा पर्नु भनेको मानव जीवन नै पूर्ण संकटमा पर्नु हो । मानिसको आफ्नो अस्तित्वका लागि प्रकृतिबाट धेरै वस्तुहरू ग्रहण गर्छ, जुन वातावरणीय विकासबाट ग्रहण गर्नु राम्रो हुन्छ न कि वातावरणीय विनाशबाट । वातावरण विनाशबाट विश्वमा नै खडेरी परी खाद्यान्न संकट हुने सम्भावना छ । प्रकृतिलाई सुहाउँदो वातावरण सिर्जना गरी आउँदो पुस्तालाई यो प्राकृतिक छटा जस्ताको तस्तै हस्तान्तरण गर्नु आजको आवश्यकता हो । यसै सिलसिलामा बढ्दो मरूभूमीकरण र खडेरीविरूद्ध विश्व जगत्मा नै सचेतना बढाउने उद्देश्यले सन् १९९५ जुन १७ तरिखमा विश्व समुदायले विश्व खडेरीविरूद्ध संघर्ष दिवस मनाउँदै आएका छन् । सन् २०२२ को विश्व खडेरीविरूद्ध संघर्ष दिवससँगै खडेरीबाट उठ्ने नाराले मानवताको लागि विनाशकारी परिणामबाट बच्न प्रारम्भिक कार्यको आवश्यकतालाई जोड दिएको छ । विश्वमा मानवीय क्रियाकलाप अनि प्रकृतिसँग निरन्तर अविवेकी प्रयोग नै एक्काइसौँ शताब्दीमा प्रकृतिले भोग्दै आएको समस्या हो । खडेरी दिगो विकासका लागि सबैभन्दा ठूलो खतरा हो । सन् २०५० सम्ममा यसले विश्वको तीन चौथाइ जनसंख्यालाई असर गर्न सक्छ भनी अध्ययनले देखाएको छ । अघिल्लो दुई दशकको तुलनामा २००० यता खडेरीको संख्या र अवधि २९ प्रतिशतले बढेको छ । विश्वभरि २.३ विलियनभन्दा बढी मानिस पानीको संकटमा हुन्छन् । यो डरलाग्दो विपद् हो । वास्तवमा कुनै पनि देश योबाट मुक्त हुनेछैन ।

खडेरीलाई प्राकृतिक असरका रूपमा पनि लिइन्छ । प्राकृतिक विनाशका कारण मौसममा व्यापक परिवर्तन भई भूमिमा उत्पादन घट्न गई भूमि क्रमशः अनुत्पादक भई खडेरीको कारण मरूभूमिमा परिणत हुँदै गरिबी बढाउँछ । प्राकृतिक स्रोत दोहनका कारण विश्व मानचित्रमा सबै देश खडेरी र मरूभूमीकरणले ढिलोचाँडो जोखिममा छ भने हाम्रो देशमा पनि प्राकृतिक स्रोतको अविवेकी उत्खननले अझै जोखिममा छ । मलिलो उर्वर खेतीबालीभन्दा कंक्रिटको जंगल भई घडेरीको मोहमा कृषियोग्य जमिन नाश भएको छ । यसको उदाहरणका रूपमा मध्यपुर ठिमीको प्रसिद्ध तरकारी तथा धान खेती क्षेत्र मनोहरा फाँटलाई लिन सकिन्छ । वास्तवमा कृषि उपज क्षेत्रलाई घडेरीमा परिणत गर्दा हामी बहादुरी सम्झन्छौँ, तर खेतबारीको कृषि उपजको भरमा हामी बाँचेको भने हामीले बुझेर पनि बुझ पचाइरहेका छौँ । यथार्थ कुरा तीतो हुन्छ । तैपनि वास्तविक कुरा उल्लेख गर्नु नै पर्छ । भूमिको वास्तविक प्रयोग कृषि उपज उत्पादन गर्नु हो । नेपाल एक कृषिप्रधान देश हो । यहाँ जैविक विविधता एवं प्राकृतिक छटाहरूको उद्गम स्थल रहेको छ । समुद्री सतहबाट ६०–८८४८ मिटर उचाइमा अवस्थित हाम्रो देश साँच्चै गर्व गर्न लायक छ । ६६ प्रतिशत जनसंख्या पूर्ण रूपमा कृषिमा निर्भर छ, जसमा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको करिब ३३.६ प्रतिशत योगदान रहेको मानिन्छ ।

विश्व मानचित्रमा भूमाफिया र रियल स्टेट व्यापारको वृद्धिसँगै भूमिमाथिको दुरूपयोग र भूउपयोगको गलत व्याख्याले विश्वभरमा ८१ करोडभन्दा बढी मान्छे खाद्यान्न संकटमा छन् भने हाम्रो देश नेपालमा दुई दशकमा अनुचित भूमि प्रयोग तथा प्राकृतिक स्रोत उत्खलनले कृषि कार्यमा कमी, पानीको संकट र प्लटिङ गरेर घडेरी बनाउन डाँडा काट्ने, सम्याउने, जग्गामा बाटो, नदीनाला तथा पोखरी, ताल, रमणीय प्राकृतिक स्रोत एवं अन्न उत्पादन हुने उर्वरा भूमि को बलि चढाएका छौं ! हामीलाई थाहै छैन, माटो, पानी, आकाश, अग्नि र हावा पञ्चतत्व संरक्षण गर्नुपर्छ भन्ने कुरा । थाहा पाए पनि बुझ पचाइरहेका छौँ । अतः प्राकृतिक स्रोत विनाश नहुने गरी उपयोग गर्नुपर्छ । माटोलाई खनीखोस्री कृषि कर्ममा लागी खाद्य उत्पादनमा ध्यान दिनु साथै मरूभूमि होइन, हरियाली बनाउने वातावरणको आवश्यकता छ ।

जहाँ प्राकृतिक स्रोत संरक्षण हुन्छ, त्यहाँ कृषि उपज भई सबैको आर्थिक स्थिति सबल हुन्छ । यसै सिलसिलामा संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको समन्वयमा हरेक वर्ष अक्टोबर १६ को दिनलाई विश्वव्यापी रूपमा विश्व खाद्य दिवस मनाउँदै आएको पाइन्छ । 'उत्पादन, पोषण र वातावरण सुधार : सुखी जीवनको आधार' भन्ने नेपाली नारासाथ अक्टोबर १६ मा ४२ औँ विश्व खाद्य दिवस विभिन्न कार्यक्रमका साथ मनाइयो । यस वर्षको नाराले माथि भनेजस्तै वातावरणमैत्री प्रविधि तथा उत्पादन सामग्रीको समुचित प्रयोगबाट पोषणयुक्त खाद्यान्नको उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै सुरक्षित, पोषिलो तथा सन्तुलित खानाको उपयोगमा सबैलाई समेट्ने र गुणस्तरीय जीवन बिताउने कुरालाई जोड दिएको छ । त्यसैगरी यससम्बन्धी दिगो लक्ष्यमा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने, दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने आदि छन् ।

कृषि विकास रणनीति, १५ औँ योजना, भोकमरीको अन्त्य गर्ने चुनौती एवं बहुक्षेत्रीय पोषण योजनालगायत क्षेत्रगत नीति र योजनाले खाद्य तथा पोषण सुरक्षा हासिल गर्न उपयुक्त रणनीति र कार्यनीतिको केही मात्रामा भने पनि कार्यान्वयन हुँदै आएको पाइन्छ । यसका लागि पन्ध्रौँ योजनामा विशेष गरी कृषि क्षेत्रको योजनाका लागि खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभुतासहितको दिगो, प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र निर्माण गर्ने सोच भएअनुरूपका कार्यक्रम तीनैवटा सरकारमार्फत कार्यान्वयन हुनु अति आवश्यक छ ।

चालू आर्थिक वर्षलाई आत्मनिर्भरताका लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्षका रूपमा लिई कृषिको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरणमा जोड दिएको पाइन्छ । योजनासहित कृषि बजारको समुचित व्यवस्थापन, कृषि पूर्वाधार निर्माण, कृषि यान्त्रीकरण, कृषि वस्तु ढुवानीलाई कृषि एम्बुलेन्स, कृषि बिमा, कृषि कर्जा उपयोगमा पहुँच र अनुदानलगायतका कार्यक्रम सञ्चालनमा रहे तापनि सो प्रभावकारी हुन नसकी गाउँघरबाट युवा जनशक्ति रोजगारीको नाममा विदेश पलायन भई कृषियोग्य भूमि बाँझो छ, जसले गर्दा खाद्य उत्पादनमा ठूलो असर परी विदेशबाट निर्यात गर्नुपर्ने अवस्था छ । अतः राष्ट्रिय अर्थतन्त्रको मुख्य हिस्सा ओगट्ने कृषिक्षेत्रले ठूलो मात्रामा रोजगारी ओगट्ने अवस्थालाई मध्यनजर गरी राष्ट्र निर्माणको आकांक्षा पूरा गर्न देशबाट विदेश पलायन भएका युवा जनशक्तिलाई रोकी कृषिक्षेत्रमा लगाई खाद्यान्न उत्पादनमा सबलीकरण गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ । तबमात्र हरेक वर्ष अक्टोवर १६ मा मनाइने विश्व खाद्य दिवसले सार्थकता पाउनेछ ।

*(-इमेल प्राप्त लेख)*

# किन यसै मन उदास, आत्तिने र निस्सासिए झैं हुन्छ ?

कहिले यसै डर लाग्छ, कहिले मन उदास हुन्छ, कहिले झर्को लाग्छ । कहिले अनायास अत्तालिन्छ, कहिले बेचैन हुन्छ । अचानक निद्रा खलबलिन्छ, खानामा अरूचि हुन्छ । पटक–पटक पिसाब लागेजस्तो हुन्छ ।

## हामी सोच्छौं, आखिर मलाई किन यस्तो भइरहेको छ ?

विज्ञहरूले यसलाई एन्जाइटीको लक्षण भनेका छन् । हुन त अन्य अवस्थामा पनि भावनात्मक उतारचढाव आउन सक्छ । यद्यपि कतिपय स्थितिमा यसले एन्जाइटीको संकेत गर्छ ।

## एन्जाइटी मानसिक स्वास्थ्य समस्या

एन्जाइटी भनेको मानिसको मानवीय स्वभावको प्रतिक्रिया हो । यो सबै किसिमको मानिसमा हुन्छ । एन्जाइटी आफैंमा समस्या होइन । यो एउटा चिन्ता वा तनाव हो, जुन सबैलाई हुन्छ । तर चिन्ता र तनावले दैनिक जीवनमा प्रभाव पार्न थालिसकेपछिको अवस्थालाई एन्जाइटी डिसअर्डर भन्ने गरिन्छ । यो मानसिक स्वास्थ्य समस्या अन्तर्गत पर्छ ।

घर, व्यवहार, सम्बन्ध र करिअर लाई लिएर सबैमा चिन्ता हुन्छ । तर लामो समयसम्म जीवन असहज हुन्छ, आफूलाई असुरक्षित ठानिन्छ र जीवनमा अप्ठ्यारो आउँछ । आफ्नो करिअर र जिम्मेवारी सोचे अनुरूप हुँदैन, अनि धेरै सोच्ने, सोचे अनुरूप राम्रो ढंगले केही क्रियाकलापमा पनि प्रस्तुत हुन सकिंदैन भने त्यसलाई चिन्ताजन्य समस्या वा एन्जाइटी डिसअर्डर हुन्छ ।

## जो कसैलाई थाहै नपाई हुनसक्छ

यो जुनसुकै उमेरमा जसलाई पनि हुनसक्छ । विशेषगरी किशोर अवस्था र बालबालिकाको उमेरबाट सुरू हुन्छ, त्यसबेला उनीहरूले यसको पहिचान भने गर्न सकिरहेका हुँदैनन् ।

त्यसबाहेक युवावस्था र वृद्धावस्थामा पनि यो समस्याबाट गुज्रिन सक्छन् । विभिन्न अध्ययनले पनि जीवनको एक कालखण्डमा एकपटक १७ प्रतिशतमा यो समस्या देखिने बताइन्छ ।

## एन्जाइटीको संकेत

यो समस्या व्यक्ति स्वयंले अनुभव गर्छन् । आफ्नो भावनाअनुसार केही काम भइरहेको हुन्छ, त्यो काममा के होला, कसो होला भन्ने मनोचिन्ताले दिमागमा सधैं तनाव सिर्जना गरिरहेको हुन्छ ।

जतिबेला पनि आफूलाई असुरक्षित महसुस हुने, आफू जोखिममा रहेको जस्तो केही छैन अब भनेको जस्तो अनुभव गर्न सक्छन् । जस्तै, हड्बडाएको जस्तो हुने, आत्तिएको जस्तो हुने गर्छ ।

निद्रा नलाग्ने, बेचैन हुने, तनाव महसुस भइरहने, ढुकढुकी बढ्ने, पेट असहज हुने, टाउको दुख्ने, एकै ठाउँ बस्दा निस्सासिएको जस्तो हुने गर्छ । पटक–पटक पिसाब लागेको जस्तो हुन्छ ।

यी सबै लक्षण एकैलाई देखा पर्छ भन्ने हुँदैन, कसैलाई कुनै त कसैलाई कुनै लक्षण देखा पर्ने गर्छन् ।

## एन्जाइटीको असर

एन्जाइटी डिसअर्डर भनेको लक्षणहरूको समूह हो । यो एउटा निश्चित अवधिसम्म रहन्छ । एक महिनाभन्दा बढी समयसम्म यसको प्रभाव रहन्छ ।

## अस्थायी भय

जब परीक्षा आयो केही पढेको छैन वा पढिसकेपछि पनि सबै कुरा लेख्न सकिन्छ वा सकिंदैन भन्ने जस्ता तनाव, नयाँ व्यक्तिसँग संवाद गर्नुपर्ने अवस्था, कुनै कामलाई लिएर अन्तर्वार्ताको सामना गर्नुपर्‍यो भने एन्जाइटीको समस्या देखिन सक्छ । तर यस्तो क्षणिक हुन्छ । त्यो स्वभाव र समयसँगै क्रमशः कम हुँदै जान्छ ।

## अरू रोगसँग मिल्दोजुल्दो

यो समस्याको लक्षण अरू रोगसँग पनि मिल्दोजुल्दो हुनसक्छ । यसैले गर्दा सही समयमा सही उपचार हुन पाउँदैन । रक्तअल्पता, थाइराइड, मुटुरोग भएका व्यक्तिलाई पनि मुटुको ढुकढुकी बढ्ने, श्वासप्रश्वासमा अवरोध हुने, छट्पटी हुने, निन्द्रा नपर्ने जस्ता लक्षण देखा पर्छन् ।

त्यसैले एन्जाइटी हो वा अन्य रोग हो भनेर पहिचान गर्न बिरामीसँग संवाद गर्ने, शारीरिक परीक्षण, विगतका उनको व्यवहार बुझेर मात्र मनोसमस्या हो वा शारीरिक समस्या भनेर भन्न सक्छौं ।

## एन्जाइटीको कारण

बच्चाले आफ्नो आमाबुवालाई छाड्नु वा गुमाउनु परेमा, परिवारमा झैझगडा भइरहेमा, विद्यालयको पढाइ राम्रो नभएमा, कसैको नियन्त्रणमा बसिरहनुपर्दा बालबच्चामा यस किसिमको मनोविकार पैदा हुनसक्छ ।

यसैगरी वयस्कमा सोचेजस्तो सफलता हात नलाग्दा, कुनै किसिमको हानि नोक्सानी हुँदा, रोगले थलिएमा, सम्बन्धमा खटपट आएमा, अभाव भएमा, एन्जाइटीको समस्या आउन सक्छ । प्रेम, विछोड, डिभोर्स, आफन्तको अकाल मृत्यु, लामो समयसम्म रोगले ग्रस्त हुँदा पनि यस्तो समस्या देखिन्छ । बुढ्यौलीमा असुरक्षा, अशान्ति, रोगको पीडा आदिले एन्जाइटीको स्थितिमा पुर्‍याउँछ ।

## सही परामर्श र साथले हुन्छ निको

एन्जाइटीको उपचार आफैं गर्न त पहिचान गर्न सक्दैन र आफैंले पनि स्वतः ठीक हुन अलि कठिन हुन्छ । तर तनावग्रस्त भएका व्यक्तिलाई उसका नजिकै रहने व्यक्तिले तनाव व्यवस्थापन गर्न परामर्श भने दिनसक्छ । उनको समस्या बुझेर सही ढंगले परामर्श दिने, उत्साह भरिदिने, उमंग कायम राखिदिने जस्ता प्रयासले यस्तो समस्याबाट छुटकारा पाउन सक्छन् ।

यदि सामान्य हेरचाह, साथ सहयोग गर्दा पनि त्यो स्थिति रहेमा परामर्शदातासँग भेटाउनु उचित हुन्छ । मनोचिकित्सकले अवस्था हेरेर परामर्शबाट वा औषधिबाट यस किसिमको समस्याको हल खोज्न सक्छन् ।

## निःशुल्क पाइन्छ औषधि

यदि औषधि खानु परेमा सरकारले पनि एन्जाइटी डिसअर्डरको औषधि निःशुल्क वितरण गर्छ । जब यो रोगको पहिचान हुन्छ तब दक्ष परामर्शदाता र मनोचिकित्सकको सल्लाहमा औषधि सेवन गर्न सकिन्छ । यसको औषधि बिरामीको अवस्था हेरेर निश्चित अवधिका लागि दिइन्छ । औषधिका सामान्य साइड इफेक्ट देखिन सक्छ । औषधि ९ देखि १२ महिनासम्म खानुपर्ने र नियमित फलोअप गराउनुपर्छ ।

## तब जटिल हुन्छ

जब कुनै व्यक्तिमा एन्जाइटीको लक्षण देखिन्छ, सही परामर्श वा उपचार खोज्नैपर्छ । उपचार नै गरिएको छैन भने पछि अवस्था जटिल बन्न पुग्छ । एकैछिनमा केही नभएको व्यक्तिलाई एक्कासि गाह्रो हुने, छट्पटी हुने, डाहा हुने र आफैं अस्पताल लैजाऊ भन्नेसम्म हुनसक्छ ।

अस्पतालमा रोग पत्ता नलाग्ने र त्यसलाई सामान्य पार्न दिने अन्य औषधिले अन्य स्वास्थ्य समस्या निम्त्याउन सक्छ । कतिपय यसबाट मुक्ति पाउन भन्दै लागुऔषध प्रयोग गरेर यसको दलदलमा समेत फस्न सक्छन् ।

दूरदराजका गाउँमा धामीझाँक्रीलाई झारफुक गर्न लगाउने प्रवृत्ति हुनसक्छ । जसले समय, आर्थिक क्षति र स्वास्थ्यलाई हानि गराउँछ ।

## एन्जाइटीको खतरा

बच्चादेखि नै एन्जाइटी छ र बिस्तारै जटिल रूप लिंदै गयो भने मानसिक विकास, सामाजिक विकास, पढाइ र सिकाइ बिग्रिंदै जान्छ । यसले व्यक्तिको करिअर र जीवनशैलीमा ठूलो धक्का पुग्न सक्छ र गुणस्तरीय जीवन जिउन कठिन हुन्छ । लामो समयसम्म एन्जाइटी हुनेहरू कुलतमा फस्नेदेखि आत्महत्या गर्ने अवस्थामा समेत पुग्न सक्छन् ।

## व्यवस्थापन

एन्जाइटीको व्यवस्थापनका लागि व्यक्ति सचेत हुनु जरूरी छ । सरकारले पनि यसको लागि अभिमुखीकरण कार्यक्रम सशक्त ढंगले ल्याउन आवश्यक छ । यसको लक्षण देखिएको अनुभव भएमा उपचारका लागि परामर्शदाताकहाँ पुग्नुपर्छ ।

## नेपालमा यसको उपचार

सरकारले यसै आर्थिक वर्षबाट ७७ वटै जिल्लामा एन्जाइटीको समस्या, यसको पहिचानबारे जनचेतना अभिवृद्धि कार्यक्रम समेटेको छ । यसबारे तालिम र रोग पहिचानका लागि सहजीकरण कार्यक्रम पनि हुँदै आएका छन् ।

*(मानसिक रोग विशेषज्ञ डा. वासुदेव कार्कीसँग मनिषा थापाले कुराकानीमा आधारित)*

*–अनलाइनखबरबाट*

# रक्तदान किन गर्ने ?

जीवित रहनका लागि नभई नहुने तत्व हो रगत, यो प्लाज्मा र रक्तकोषबाट बनेको हुन्छ । यसले शरीरका कोषहरूमा ग्लुकोज, एमिनो एसिडलगायत पोषक तत्वसँगै अक्सिजनलगायत आवश्यक पदार्थ हरेक अंगमा पुर्‍याउने काम गर्छ । रगतले कार्बनडाइअक्साइड, युरिया, ल्याक्टिक एसिडजस्ता काम नलाग्ने पदार्थलाई बाहिर निकाल्ने कामसमेत गर्छ ।

हरेक दुई सेकेन्डमा कसै न कसैलाई रगतको आवश्यकता परिरहेको हुन्छ । दुर्घटनाग्रस्त, रोगबाट पीडित, अविकसित शिशु, जटिल शल्यक्रिया आदि विभिन्न अवस्थामा रगतको आवश्यकता अझै धेरै पर्छ ।

## यसकारण गर्ने रक्तदान

स्वस्थ व्यक्तिले हरेक तीन महिनामा रक्तदान गर्न सक्छ । रगत शरीरमा लगातार उत्पादन हुने तत्व हो, जुन प्रत्येक तीन महिनामा आफैं नष्ट भएर जाने गर्छ । तीन–तीन महिनामा रक्तदान गर्दा शरीरमा ताजा रगत बन्न सघाउ पुग्छ । जुन स्वास्थ्यका दृष्टिकोणले एकदमै राम्रो हो ।सामान्यतया १८ वर्ष देखि ५६ वर्षको स्वस्थ व्यक्तिले रक्तदान गर्न सक्छ । रगत दिंदा कमजोर भइन्छ भन्ने भ्रम समेत हाम्रो समाजमा रहेको पाइन्छ । तर, उचित पौष्टिक आहारको सेवन गर्दा कुनै समस्या हुँदैन ।

## कसले नगर्ने ?

रगतमा आइरन र हेमोग्लोबिनको कमी भएका व्यक्तिले रक्तदान गर्नुहुँदैन । रक्तदान गर्ने व्यक्ति कुनै दीर्घरोग र संक्रामक रोग नभएको हुनुपर्छ । जस्तै, छारेरोगको औषधि सेवन गरिरहेको व्यक्तिले रक्तदान गर्न मिल्दैन ।

महिनावारी भएको अवस्था, गर्भवती र बच्चालाई दूध खुवाइरहेका महिलाले रक्तदान गर्नुहुँदैन ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com

# 'जनताको सेवक बन्न चुनावी मैदानमा छु'-बर्तौला

◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर-२ मा नेकपा एमालेका उम्मेदवार तथा एमाले बागमती प्रदेश कमिटीका उपसचिब महेश कुमार बर्तौलाले जनताको सेवक बनेर काम गर्ने तयारीका साथ चुनावी मैदानमा होमिएको बताएका छन् ।

थाहा नगरपालिका वडा नम्बर १० मा एमालेको आयोजनामा भएको कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै उनले आम मतदान र यस क्षेत्रका लागि पाँच बर्ष असली सेवक बन्ने र यस क्षेत्रका नागरिकको घर आगनमा रहने बताए । अर्का उम्मेदवार प्रति लक्षित गर्दै उनले भने,- 'आफ्नो घर जलाएर खरानी बनाएर एक थान मन्त्रीको लोभमा फसेर पाटी फुटाएर गएर चुनाव जितेर गएपछी आफ्नो निर्वाचन क्षेत्रमा कति पटक जनताको माझ आउनु भयो र अहिले मलाइ फुचे भन्दै हिड्नु भएको छ भन्दै हिड्नु भएको छ भन्ने सुनेको छु ।'

बीस बर्स एमालेले सांसद बनाएका विरोध खतिवडाले एमालेलाइ खरानी बनाएर माओवादी र काग्रेसको ढाडमा टेकेर आज एउटा युवकसंग चुनाव लड्दै गरेको बताए । २०६२/०६३ को आन्दोलनको नेतृत्व गरेको एउटा जनताको लोकप्रिय मान्छेलाइ केको आधार मा फुचे भनेको भन्दै बिरोध खतिवडालाइ बर्तौलाले प्रश्न गरे ?

कार्यक्रममा एमालेका तर्फबाट क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार विष्णु प्रसाद ढकालले आफु यस प्रदेशबाट निर्बाचित भएर गए पछि जनताको मागको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे । यसै क्षेत्रको स्थानिय भएको र यही भुगोलबाट राजनीति यात्रा सुरू गरेकोले यस भेगको जनताको आबस्यक्ताका आधारमा काम गर्ने बताए । अघिल्लो निर्वाचनहरूमा आफु पटक पटक चुनाबी कमान्डर भएर नेकपा एमालेलाइ चुनाव जिताएकोले यो अटक यश प्रदेशका जनलाले आफुलाइ निर्वाचन बिजय गराउनेमा ढुक्क रहेको ढकालले बताए । सबै नेता कार्यकर्तालाइ निर्वाचनमा होमीन आग्रह गरे । आफू यसै भेगको स्थानिय भएकोले कुमारी मुक्तान पाहुना उमेदवार भएकोले पनि आफ्नो जित निस्चित भएकोले उनले बताए ।

# 'सांस्कृतिक सद्भावले नगरको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ'-थाहानगर प्रमुख विष्ट

◆ विकास संवाददाता



थाहा नगरपालिकाको संस्कृतिले सांस्कृतिक सद्भाव कायम राख्दै नगरपालिकाको पर्यटनलाई समेत प्रवर्द्धनमा सहयोग पुग्ने थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले बताएका छन् ।

९ कात्तिकमा थाहा नगरपालिकाको वडा नम्बर ६ मा आयोजित नेपाल संवत् ११४३ को शुभकामना आदानप्रदान कार्यक्रम लाई सम्बोधन गर्दै नगर प्रमुख विष्टले यस्तो बताएका हुन् । बिष्टले थाहानगरका नेवार समुदायले आफ्नो परम्परा र रितिरिवाजको संरक्षणमा पुऱ्याएको योगदानको चर्चा गर्दै संस्कृति संरक्षणमा नगरपालिकाको साथ र सहयोग हमेसा रहने प्रतिवद्धता व्यक्त: गरे ।

नेपाल संवत् ११३७ देखि निरन्तर रूपमा बज्रवाराहीमा नेपाल संवत् मनाउने गरिएको छ । यसका लागि हरेक वर्ष एक जना संयोजक तोकिने गरेको पुर्व भिन्तुना संयोजक प्रमोद कृष्ण जोशीले बताए । कुलगाउँका भट्ट गोपाली संयोजक रहेको नयाँ वर्ष ११४३ को शुभकामना आदानप्रदान कार्यक्रममा नेपाल संवत् ११४२ का संयोजक राजभाइ श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम आयोजना गरियको थियो ।

कार्यक्रममा नगर प्रमुख विष्णु विष्ट, जिसस सदस्य सुवर्ण गोपाली, निवर्तमान जिसस सदस्य चित्र बहादुर बलामी, वडा अध्यक्षहरू १ का हेरमान गोपाली, ६ का राजेन्द्र भक्त श्रेष्ठका साथै स्थीानय नेवार समुदायका गुरूहरू, धिमे बाजा समूह, महिला बासुरी समूह, थहचोक, पापुङ, लीलाखेल, ईकुण्डोल, कुन्छाल र कुलगाउँका नेवारी समुदायहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# फोहोर व्यवस्थापन, हेटौंडाबाट सिकौं

◆ विकास संवाददाता

काठमाडौं उपत्यकालगायत देशका विभिन्न नगरमा फोहोर व्यवस्थापन चुनौतीका रूपमा देखा परेको छ । फोहोर व्यवस्थापनका लागि केहीले नीतिगत, केहीले कार्यगत प्रक्रिया अगाडि बढाएका छन् त केहीले सहज रूपमा फोहोर व्यवस्थापन गरिरहेका छन् ।

यस्तै, फोहोर व्यवस्थापन गर्नेमध्येको एक हो हेटौँडा उपमहानगर पालिका । हेटौँडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाका अनुसार २०६२ सालदेखि घरघरबाट फोहोर संकलन र व्यवस्थापन गर्दै आएको छ । ग्रिन एण्ड क्लिन सिटी प्रालिसँग सहकार्य गरेर फोहोर संकलन, सार्वजनिक स्थानमा व्यवस्थापन, नगरबासीसँग शुल्क संकलनका साथै फोहोरको पुनः प्रयोगजस्ता काम गरिरहेको उनले बताइन् । करिब २ लाख जनसंख्या रहेको हेटौंडा उपमहानगर पालिकाले १९ वटै वडामा पुगेर व्यवस्थापन कार्य गरिरहेको छ । मुख्य बजार क्षेत्र सरसफाइ र फोहोर व्यवस्थापनका लागि स्थायी कर्मचारीसमेत परिचालन गरेको उपमहानगरपालिकाको वातावरण शाखाकी प्रमुख शान्ता विक बताउँछिन् ।

'बजारको सरसफाइ र बिरूवा हेरचाहका लागि स्थायी, ज्यालादारी र करार गरी दैनिक ५० जना कर्मचारी कार्यरत छन्,' उनी भन्छिन्, 'कुहिने र नकुहिने गरी हेटौंडाबाट दैनिक ६६ देखि ८८ टन फोहोर संकलन तथा व्यवस्थापन हुन्छ गर्ने गरिएको छ ।' संकलित फोहोर लाई राप्ती खोला किनारको सार्वजनिक जग्गामा व्यवस्थापन गर्दै आएको छ । उनी भन्छिन्, 'यस ल्याण्डफिल्ड साइडको व्यवस्थापनका लागि दीर्घकालीन उपायको खोजी भइरहेको छ ।

पछिल्लो समय फोहोरलाई वैकल्पिक ऊर्जासँग जोडेर हेटौंडालाई थप सफा र सुन्दर बनाइ आम्दानीसमेत गर्ने बाटोमा उपमहानगर लागेको छ ।' सन् २०१४ र २०१७ मा वैज्ञानिक प्रयोगबाट फोहोर व्यवस्थापन गरेकाले नेपाल सरकारले मुलुककै सफा सहर घोषणा गरी पुरस्कृतसमेत गरेको थियो ।

संकलित फोहोरमध्ये सबैभन्दा बढी कुहिने फोहोर निस्किने बताउँदै कुहिने फोहोरलाई मल बनाइ नकुहिने फोहोर मात्र ल्याण्डफिल्ड साइडमा लग्ने गरेको ग्रिन एण्ड क्लिन सिटी प्रालिका सञ्चालक नवराज खतिवडाले बताए । प्रालिले ४५ जना कर्मचारी हेटौंडाको फोहोर व्यवस्थापनका लागि खटाइएको उनले बताए । मुख्यः बजारक्षेत्र सरसफाईका लागि खटाइएका कर्मचारी बाहेक सरसफाईको अन्य कामका लागि उपमहानगरले कुनै पनि रकम खर्च गर्ने गरेको छैन ।




अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# 'जनहित विपरित काम गर्दिन'- उमेद्वार मोक्तान



◆ विकास संवाददाता

नेकपा (माओवादी केन्द्र) की पोलिटब्युरो सदस्य, मकवानपुर ईञ्चार्ज तथा प्रदेश सभा मकवानपुर २ (क) उम्मेद्वार कुमारी मोक्तानले आफुले जनहित विपरित कुनै काम नगर्ने बताइन् । उनले जनभावना अनुसार संस्थागत रूपमा योजना बनाई विकासका योजना ल्याउने कार्यकर्ताहरू सामु प्रतिवद्धता गरिन् । १३ कात्तिकमा थाहा नगरपालिकाको विकास घरमा भएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) थाहानगर कमिटिको विस्तारित बैठकमा मोक्तानले लामो संघर्षका कारण ब्यवस्था परिवर्तन भएको र अब अवस्था परिवर्तनको लागि गठबन्धनका उम्मेद्वारहरूलाई मतदान गर्न अनुरोध गरिन् ।

प्रदेश सभा मकवानपुर २ (क) उम्मेद्वार समेत रहेकी मोक्तानले यस क्षेत्रको विकासको लागि आफु तत्पर भएको बताइन् । यस क्षेत्रको विकासको लागि गुरूयोजना बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । उमेद्वार मोक्तानले राजनितिक हिसाबले स्वाभिमानी र एजेन्डाको हिसाबले सहि व्यक्तित्व गठबन्धनका उम्मेद्वार भएकोले इमान्दार भएर मतदान गरि विजयी गराउन कार्यकर्ताहरूलाई अनुरोध गरिन् ।

संविधान रक्षाको लागि भएको क्रान्तिमा अवस्थामा उभिने एकीकृत समाजवादी पार्टीका उम्मेद्वार विरोध खतिवडालाई प्रतिनिधि सभामा र प्रदेश सभा सदस्य निर्वाचनमा माओवादी केन्द्रका उम्मेद्वार आफुलाई मतदान गर्न मोक्तानको अनुरोध थियो । बैठकको अन्तिममा नेकपा (एकीकृत समाजवादी) का स्थायी समिति सदस्य तथा मकवानपुर क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य उम्मेद्वार बिरोध खतिवडाले आफुले प्रचार को लागि भन्दा पनि साँचो विकासको लागि प्रतिबद्धता जनाए उनले अहिलेको सरकार संबिधान अनुसार बनेकोले भ्रमको पछि नलाग्न अनुरोध गरे ।

नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षतामा भएको बिस्तारित बैठकमा, माओवादी केन्द्रको केन्द्रिय सदस्य प्रल्हाद लामिछाने, प्रदेश कमिटि सचिवालय सदस्य विष्णु विष्ट, प्रदेश कमिटि सदस्य ज्योति रायमाझी, लवशेर बिष्ट, इन्द्र बहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति संयोजक सर्केश घलान लगायतको आतिथ्यता रहेको थियो । नेकपा माओवादी केन्द्र थाहानगर सचिव लक्ष्मण बिष्ट संचालन गगरेको बैठकमा जनबर्गिय संगठनका केन्द्रिय, प्रदेश, जिल्ला कमिटिका पदाधिकारीहरू, नगर कमिटि सदस्यहरू, वडा कमिटि पदाधिकारी, पार्टी सदस्यहरूको उपस्थिति रहेको थियो ।

# 'जनयुद्धको उपलब्धिहरू संस्थागत गर्न गठबन्धनलाई जिताऔं'-खतिवडा



◆ विकास संवाददाता

जनआन्दोलन र जनयुद्धको जगबाट प्राप्त उपलब्धिहरू संस्थागत गर्नका लागि गठबन्धनलाई विजयी बनाउनुपर्ने एकीकृत समाजवादीका स्थायी समिती सदस्य तथा मकवानपुर-२ का उमेदवार विरोध खतिवडाले बताएका छन । उमेद्वार खतिवडाले एमाले अध्यक्ष केपी शर्मा ओलीको दरवार, लिङ्देल, थापा, सिके राउत र एकनाथ ढकाल जस्ता संग प्यार बढ्दै गएकाले पनि गठबन्धनलाई विजयी गराउनु आवश्यक भएको प्रष्ट्याए ।

नेकपा माओवादी केन्द्र थाहानगरको चुनाव लक्षित विस्तारित बैठकमा सम्बोधन गर्दै खतिवडाले यस्तो बताएका हुन् । खतिवडाले माओवादी आन्दोलन सुरू भएपछि पहिलोपटक माओवादीको एकल बैठकलाई संवोधन गर्ने अवसर मिलेको बताउदै एमाले अध्यक्ष ओलीको गैर संबैधानिक हरकतले गर्दा सम्बोधनको अवसरको अवसर जुटेको सुनाए । उनले ओली र राष्ट्रपति मिलेर संबिधानमाथि धावा बोल्दै संविधानको कागजलाई चटपटे पोको पार्ने साधन बनाएको आरोप लगाउदै झापामा बा, मकवानपुरमा राप्ती पारी काका उठाएर युवाको ध्वाँस लगाइ जनतालाई दिग्भर्मित पार्ने काम एमालेले गरेको बताउदै बताए ।

उनले थाहाको विकासमा एमाले बाधक रहेको बताउदै डोरमणी मुख्यमन्त्री र ओली प्रधानमन्त्री हुन्जेल आफुहरूले आफ्नो चुनावी क्षेत्रको विकासको लागि लगेका योजनामा पुर्वाग्रह राखी बजेट नदिएको आरोप लगाए । आफू मन्त्री भएपछी मकवानपुरमा विकासका योजना थुप्रै कार्यान्वयनमा आएको उल्लेख गर्दै खतिवडाले थाहानगरको चित्लाङमा ३०० जना इन्जिनियर अध्ययन गर्ने प्राविधिक विश्वविद्यालयको लागि १ अर्ब १० करोड बजेट हालेको स्मरण गर्दै थानकोट चित्लाङ सडक चौडा बनाउन ४० करोड बजेट व्यवस्था गरेर काम लगाउँदा एमालेका कोहि नेता चन्द्रागिरी बाटोमा छाता ओढेर बसी ढुङ्गाा बेच्दै बाटो मैले बनाको भनेर भन्ने ? भन्दै प्रश्न गरे । भिमफेदी कुलेखानी सुरूङ मार्गको जनताको ३४ करोडको हिसाब एमालेका नेतासंग भोट माग्न आउँदा सोध्न आग्रह गरे ।

नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षतामा भएको बिस्तारित बैठकमा, माओवादी केन्द्रको केन्द्रिय सदस्य प्रल्हाद लामिछाने, प्रदेश कमिटि सचिवालय सदस्य विष्णु विष्ट, प्रदेश कमिटि सदस्य ज्योति रायमाझी, लवशेर बिष्ट, इन्द्र बहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति संयोजक सर्केश घलान लगायतको आतिथ्यता रहेको थियो । नेकपा माओवादी केन्द्र थाहानगर सचिब लक्ष्मण बिष्ट संचालन गगरेको बैठकमा जनबर्गिय संगठनका केन्द्रिय, प्रदेश, जिल्ला कमिटिका पदाधिकारीहरू, नगर कमिटि सदस्यहरू, वडा कमिटि पदाधिकारी, पार्टी सदस्यहरूको उपस्थिति रहेको थियो ।

# 'चित्लाङलाई अर्गानिक शहर बनाउनुपर्छ'-उमेद्वार बर्तौला

◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर-२ का उम्मेदवार तथा एमाले बागमती प्रदेश कमिटीका उपसचिब महेश कुमार बर्तौलाले मकवानपुरको चित्लाङलाई मिनि काठमाडौ हैन अर्गानिक चित्लाङ बनाउनुपर्ने बताएका छन् ।

१३ कात्तिकमा एमालेको आयोजनामा थाहा नगरपालिका वडा नम्बर-९ चित्लाङमा आयोजित भेटघाट तथा चियापान कार्यक्रमलाई संवोधान गर्दै उनले जबजब स्थानीयले चुनाब जिते त्यति बेला मात्रै यस क्षेत्रको विकास भएको इतिहाँस रहेको बताए ।

चित्लाङ क्षेत्रको पर्यटन बिकासमा आफुले महत्वपूर्ण भुमिका खेल्ने बताउँदै उनले भने,-'चित्लाङलाई मिनि काठमाडौ हैन अर्गानिक चित्लाङ बनाउनुपर्छ अनी चित्लाङ चन्द्रागिरी सडकलाई सरर चल्ने र प्रत्यक दिन चित्लाङ आउ आउ लाग्ने बनाउनुपर्छ ।' चित्लाङसंग मार्खु, कुलेखानी, बज्रबाराहिको कुन्छाल, भीमफेदिको चिसापानी गढि, मैत्री बगैँचा, रिखेस्वर महादेव तथा कैलाशको बैकुण्ठ जोड्ने गरि करिडोर बनाएर पर्यटन, पुर्वाधार विकास गर्न आफुले महत्वपूर्ण भुमिका खेल्ने बताए ।

चित्लाङ र आसपासमा बसोबास गर्ने नेवारी समुदायको कला, संस्कृति, ईतिहास संरक्षण गर्न आफुले भुमिका खेल्ने बताए । २० बर्ष सँसद भएका विरोध खतिवडाले सदनमा चन्द्रागिरी सडकको बिरोध गरेको र जनताको बिचमा मैले गरेको भनेर भ्रम छरेको आरोप समेत बर्तौलाले लगाए । २१ दिन तपाइले मिहिनेत गरेर सांसदको लागि आफुलाई म्याण्डेड मागिदिनुस आफू पाँच बर्ष जनताको नोकरको रूपमा सेवा गर्ने बर्तौलाको भनाइ थियो ।

# 'चित्लाङ-चन्द्रागिरी सडकमा राजनीति नगर्नू'-ढकाल

◆ विकास संवाददाता


एमालेका तर्फबाट क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार बिष्णु प्रसाद ढकालले विपक्षी गठबन्धनको उम्मेदवारले प्रचार गरेको जस्तो बजेट चित्लाङ-चन्द्रागिरी सडकमा बजेट बिनियोजन नभएको बताएका छन् । उनले गलत प्रचार गरेर विकासमा राजनीति गर्न नहुने उल्लेख गरे ।

चित्लाङमा आयोजित कार्यक्रममा बोल्दै उनले यो सडकको नेतृत्व हिजोदेखि एमालेले गरेको र भोलिपनि एमालेले नेतृत्व गर्ने र सडकबाट कम्प्लीट गरेरै छाड्ने प्रतिक्रिया दिए ।

यस्लाई चित्लाङ हुँदै डाँबासबाट मनहरी हुँदै चितवन जोडेर बैकल्पिक राजमार्गको विकास गर्ने उनको भनाइ थियो । पालुङदेखि चित्लाङ सम्म सिमेन्टको ढलान घर निर्माण हुन थालेकोमा दु:ख व्यक्त गर्दै यो बेल्टको चित्लाङ, कुन्छाल, पालुङ, दामन क्षेत्रको कला संस्कृतिको संरक्षण गर्दै स्थानीय तहले आफ्नो अधिकार प्रयोग गर्न पछि पर्न नहुने बताए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०७९ कात्तिक १४ गते सोमबार, 31 Oct. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# थाहानगरमा गठबन्धनको निर्वाचन परिचालन कार्यालय स्थापना



◆ विकास संवाददाता

बाम लोकतान्त्रिक गठबन्धनको थाहा नगरपालिकास्तरीय निर्वाचन परिचालन कार्यालय स्थापना गरिएको छ । गठबन्धनको संयुक्त निर्वाचन परिचालन, प्रचारप्रसारका लागि नेकपा माओवादी केन्द्रको थाहानगर पार्टी कार्यालयमा कार्यालय स्थापना गरिएको हो ।

४ मंसिरमा हुने संघ तथा प्रदेशसभा निर्वाचनका बाम लोकतान्त्रिक गठबन्धनकाको संयुक्त निर्वाचन परिचालन कार्यालय स्थापना गरिएको हो । कार्यालय स्थापनासंगै बाम गठबन्धन उम्मेद्वारलाई विजयी गराउन इमान्दार भई मतदान गर्न गठबन्धन दलका थाहानगरका नेताहरूले कार्यकर्ताहरूलाई आव्हान गरेका छन् । गठबन्धन अन्तरगत नेपाली कांग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशीले लोकतन्त्रको रक्षा र यस क्षेत्रको विकासको लागि थाहानगरका कांग्रेस समर्थकले गठबन्धनका उम्मेद्वारलाई मतदान गर्ने प्रतिक्रिया दिए । उनले पाँच दलको गठबन्धनमा नेपाली कांग्रेस पनि सहभागी भएकोले यस क्षेत्रका उम्मेद्वार हरूलाई मतदान गरी विजयी गराउने बताए । नेकपा माओवादी केन्द्रका थाहानगर अध्यक्ष बिनोद कुमार लामाले गठबन्धनका उम्मेद्वारलाई मतदान गरी विजयी गराउन मतदाताहरूलाई अनुरोध गर्दै लोकतान्त्रिक संविधान अनुसार देशलाई अगाडि बढाउन गठबन्धनका उम्मेद्वारहरू विजयी हुनुपर्ने धारणा राखे ।

नेकपा एकीकृत समाजवादीका थाहानगर अध्यक्ष सानोकाजी गोपालीले प्रतिगमनबाट देशलाई बचाउन गठबन्धन बनेकोले गठबन्धनका उम्मेद्वारहरूलाई विजयी गराउन अनुरोध गरे । राष्ट्रिय जनमोर्चाका मकवानपुर जिल्ला सचिव तथा थाहानगर अध्यक्ष दिनेश बिष्टले गठबन्धनको मर्म अनुरूप आफ्नो दलको नेता तथा कार्यकर्ताले गठबन्धनका उम्मेद्वारहरूलाई मतदान गर्ने उल्लेख गरे ।

बाम लोकतान्त्रिक गठबन्धनले मकवानपुर क्षेत्र नं. २ मा नेकपा (एकीकृत समाजवादी)का स्थायी समिति सदस्य विरोध खतिवडा, २ 'क' मा नेकपा (माओवादी केन्द्र)की पोलिटब्युरो सदस्य, मकवानपुर ईञ्चार्ज कुमारी मोक्तान र २ 'ख' मा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको उमेद्वारी रहेको छ ।

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी